# पौवादुङमा गाउँ कार्यपालिकाको ५ (पाचौं) बैठक-२०७७\७८

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री किरण राई

मितिः २०७७।०५।२६ गते शुक्रवार　　　　　　　　　　समयः दिनको १२;३०.बजे

उपस्थितिः

| क.स. | पद | पदाधिकारीको नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री किरण राई | |
| २ | उपाध्यक्ष | श्री सम्झना राई | |
| ३ | सदस्य | श्री जीतेन्द्र राई | |
| ४ | सदस्य | श्री बम बहादुर राई | |
| ५ | सदस्य | श्री तीर्थ बहादुर कार्की | |
| ६ | सदस्य | श्री पूर्ण बाहदुर राई | |
| ७ | सदस्य | श्री दल बहादुर राई | |
| ८ | सदस्य | श्री दीपक राई | |
| ९ | सदस्य | श्री भगवती राई | |
| १० | सदस्य | श्री ईन्दिरा तामाङ | |
| ११ | सदस्य | श्री पवित्रा कटुवाल | |
| १२ | सदस्य | श्री विष्णु तामाङ | |
| १३ | सदस्य | श्री ओमप्रकाश भुजेल | |
| १४ | सदस्य | श्री पूर्णमाया वि.क. | |
| १५ | सदस्य-सचिव | श्री रमेश राई | |

१६. माइन्युर सहयोगी – श्री गोहेन्द्र कुमार उपाध्याय
१६. सूचना प्रविधि अधिकृत – मुकेश राई

प्रस्तावहरूः

१. सुरक्षित नागरीक आवास कार्यक्रमको सूचना प्रकाशन तथा कार्यक्रम सञ्चालन सम्बन्धि ।

२. विविध ।

किरण राई
अध्यक्ष

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा सुरक्षित नागरिक आवास समन्वय समिति भोजपुरको मिति २०७७।०५।२४ गतेमा बसेको बैठकको निर्णय अनुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरबार विहिन भएका घरपरिवारहरूले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम रहेको हुनाले "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५" (संशोधन सहित) को दफा १० (ख) अनुसार सम्बन्धित वडा कार्यालय मार्फत मिति २०७७/०५/२६ गते सुचना प्रकाशित गर्ने र कार्यविधि अनुसारको मापदण्ड अनुसार पौवादुङमा गाउँपालिका भित्रका २२३ घरलाई सिफारिस गर्ने निम्न वडाहरूबाट देहाय बमोजिम सिफारिस गर्ने निर्णय गरियो।

| क्र.सं. | वडा नं | सिफारिस गर्नुपर्ने संख्या | कैफियत |
|---|---|---|---|
| १ | पौवादुङमा-१ | ३५ | |
| २. | पौवादुङमा-२ | ३५ | |
| ३. | पौवादुङमा-३ | ३५ | |
| ४. | पौवादुङमा-४ | ४३ | |
| ५. | पौवादुङमा-५ | ४० | |
| ६. | पौवादुङमा-६ | ३५ | |
| | | २२३ | |

सुचना २०७७।०५।२६ गते प्रकाशित गरी दश (१०) दिनको सुचना प्रकाशित मितिमा आवेदन माग गरी माग बमोजिमको निवेदनमा वडाले मिति २०७७।०६।०६ गते भित्र सिफारिस गर्ने निर्णय गरियो।

आजको बैठक समापन गरिएको व्यहोरा अनुरोध छ।